# नोभल कोरोना (COVID-19) रोग रोकथाम तथा नियन्त्रण

## उच्चस्तरीय समन्वय समिति

बैठक संख्याः १५

मितिः-२०७६।१२।१६ आइतवार

समयः अपरान्ह १.०० बजे

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७६।११।१८ को निर्णयबाट माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्रीज्युको संयोजकत्वमा गठित "**नोभल कोरोना (COVID-19) संक्रमण,रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति**"को बैठक देहायका माननीय मन्त्रीज्यु तथा उच्च पदाधिकारीहरुको उपस्थितीमा बसी निम्नबमोजिमका निर्णयहरु गरियो।

उपस्थितिः

१. मा. उपप्रधानमन्त्री एवं रक्षामन्त्री श्री ईश्वर पोखरेल - संयोजक

२. मा. गृहमन्त्री श्री राम बहादुर थापा -सदस्य

३. मा. परराष्ट्रमन्त्री श्री प्रदीपकुमार ज्ञवाली -सदस्य

४. मा. शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री श्री गिरिराजमणि पोखरेल -सदस्य

५. मा. कृषि तथा पशुपन्छी विकासमन्त्री श्री घनश्याम भुषाल -सदस्य

६. मा. स्वास्थ्य तथा जनसंख्यामन्त्री श्री भानुभक्त ढकाल -सदस्य

७. मा. उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री श्री लेखराज भट्ट -सदस्य

८. मा. संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री श्री योगेशकुमार भट्टराई -सदस्य

९. मा. अर्थ र संचार तथा सूचना प्रविधिमन्त्री डा. युवराज खतिवडा -सदस्य

१०. मुख्यसचिव श्री लोकदर्शन रेग्मी , नेपाल सरकार -सदस्य

११. सचिव श्री नारायणप्रसाद विडारी -प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य-सचिव

आमन्त्रित

१. सचिव श्री केदारबहादुर अधिकारी - संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

२. सचिव श्री शंकरदास बैरागी - परराष्ट्र मन्त्रालय

३. सचिव श्री शिशिरकुमार ढुंगाना – अर्थ मन्त्रालय

४. सचिव श्री महेश्वर न्यौपाने - गृह मन्त्रालय

५. सचिव श्री बैकुण्ठ अर्याल - उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (वाणिज्य तथा आपूर्ति)

६. सचिव श्री यादवप्रसाद कोइराला - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेलको अध्यक्षतामा बसेको COVID-19 रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको मिति २०७६।१२।१६ गते बसेको १५औ बैठकमा देहाय बमोजिम निर्णय भयो:-

१. मित्र राष्ट्र चीनवाट ल्याईएका स्वास्थ्य सामग्रीहरुलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नेतृत्वमा उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय, गृह मन्त्रालय र नेपाली सेनाको सहकार्यमा बिभिन्न स्थानको आवश्यकता पहिचान गरी सवै प्रदेशमा वितरणको प्रभावकारी व्यवस्था गर्ने।

२. मित्र राष्ट्र चीनवाट ल्याईएका स्वास्थ्य सामग्रीहरु मध्ये Portable PCR Lab मेशिन हाललाई प्रदेश नं.२, प्रदेश नम्वर ५, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका लागि एक/एक थान तत्काल उपलव्ध गराउने ।

३. यस समितिवाट मिति २०७६।१२।१० मा स्वीकृत Quarantine व्यवस्थापन मापदण्ड,२०७६ अनुसारका Quarantine सवै प्रदेश सरकार र स्थानीय तहले तयार गर्ने। काठमाण्डौ उपत्यकाको भक्तपुर बोडे स्थित कृषि बिकास बैंकको तालिम केन्द्र भवन, ललितपुर जावालाखेलमा रहेको नेपाल प्रशासनिक प्रशिक्षण केन्द्र(NASC) भवन, पशुपति तिलगंगामा रहेको धर्मशाला भवन र काठमाण्डौ हात्तिगौडामा रहेको एकल महिला छहारी भवनलाई थप Quarantine भवनको रुपमा पूर्व तयारी गर्न गृह मन्त्रालय मार्फत सम्वन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुलाई निर्देशन दिने ।

४. निजी क्षेत्रवाट संचालित मेडिकल कलेज, अस्पताल, बिद्यालय भवन तथा छात्रावासहरुलाई समेत आवश्यक परेको अवस्थामा Quarantine को रुपमा प्रयोग गर्न बिवरण तयार गरी राख्न गृह मन्त्रालय मार्फत स्थानीय प्रशासनलाई निर्देशन दिने।

५. COVID-19 रोगको संक्रमणको बर्तमान अवस्थामा नेपाल प्रबेश गरेका सवै व्यक्तिले तोकिएको अवधि सम्म अनिवार्य रुपमा Quarantine मा बस्नु पर्ने व्यवस्था स्थानीय प्रहरी प्रशासनले कडाईका साथ पालना गराउने र सोको अनुगमन सम्बन्धित स्थानीय तहहरुले गर्ने।

६. देश भित्र देखिएको COVID-19 रोगको संक्रमणको अवस्था र अन्तराष्ट्रिय परिवेश समेतलाई ध्यानमा राखी हाल कायम रहेको Lockdown को समयावधि केहि दिन बढाउन उपयुक्त देखिएकोले यस समितिको तर्फवाट आगामी मन्त्रिपरिषद बैठकमा प्रस्ताव गर्ने।

७. COVID-19 रोगको संक्रमणको यस अवधिमा नेपाल प्रवेश गरी विभिन्न स्थानमा बसोबास गरी जानकारी नदिने व्यक्ति, तोकिएको शर्त बमोजिम Quarantine मा नबसी आदेशको बर्खिलाप कार्य गर्ने व्यक्ति र COVID-19 रोगको संक्रमण, रोकथाम, नियन्त्रण तथा उपचारको कार्यमा असहयोग गर्ने, बाधा व्यबधान गर्ने, गराउने व्यक्तिलाई संक्रमण रोग ऐन, २०२०को दफा ३ बमोजिम कानुनी कारबाही र दण्ड सजायको व्यवस्था स्थानीय प्रशासनले गर्ने।

८. COVID-19 संक्रमणको अबधीमा उपलव्ध गराउदै आएको सवारी पासलाई अझ थप कडाइ गरी औचित्यताका आधारमा सीमित रुपमा मात्र उपलव्ध गराउने व्यवस्था गृह मन्त्रालयले मिलाउने।

९. COVID-19 संक्रमणको अबधीमा साविक देखि स्थगन गरिएका अन्तराष्ट्रिय एवं राष्ट्रिय व्यवसायिक हवाई उडानहरुलाई आगामी १५ अप्रिल २०२० सम्मको लागि स्थगन गर्ने।

०१ ०५ ... 
२०७६।१२।१६
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

मा. ईश्वर पोखरेल
उपप्रधानमन्त्री तथा रक्षामन्त्री